# कीर्तिपुर नगरपालिका
# कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
## सिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०६/२६)

यस नगरपालिकाको निम्नको योजना सिलवन्दी बोलपत्र/दरभाउपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र/दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र/दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।
२) दर्ता भएका सिलबन्दी बोलपत्र/दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा खोलिनेछ । निर्माण व्यवसायी उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र/दरभाउपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य
हुनेछ ।
४) सिलबन्दी बोलपत्र/दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
५) सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** बोलपत्रको हकमा कम्तीमा ९० दिन र दरभाउपत्रको हकमा कम्तीमा ७५ दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।
६) बोलपत्र/दरभाउपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।
७) बोलपत्र/दरभाउपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।
८) यस बोलपत्र/दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।
९) बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र/दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र/दरभाउपत्र खोल्ने मिति, समय र स्थान | बोलपत्र/दरभाउपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|---|---|
| १. | KRM 05 | नयाँबजार सडक मर्मत सुधार तथा साईड ड्रेन निर्माण | **१७,६९,४००।-** | १५ औं दिन कार्यालय समय भित्र खरिद गरी १६ औं दिन, मध्यान्ह १२:०० बजे भित्र कीनपा कार्यालयमा पेश गर्नु पर्ने | १६ औं दिन, दिनको ५:०० बजे, कीनपा कार्यालय | १०००।- |
| २. | KRM 06 | सागल हिटीफः - मुलखुसी सडक सुधार | **५२,६२,७००।-** | ३० औं दिन कार्यालय समय भित्र खरिद गरी ३१ औं दिन, मध्यान्ह १२:०० बजे सम्म कीनपा कार्यालयमा पेश गर्नु पर्ने | ३१ औं दिन, दिनको ५:०० बजे, कीनपा कार्यालय | ३०००।- |